सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको
हकसम्बन्धी नियमावली, २०६५ को नियम ३
बमोजिम सार्वजनिक गरिएको विवरण

# २०८३ असार मसान्तसम्म
# सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

Archived at https://infobank.bagamati.gov.np

## १.	आयोगको स्वरूप र प्रकृति

प्रदेशको समृद्धि एवम् सन्तुलित र दिगो विकासलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगम तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने एक विशिष्टीकृत निकायको आवश्यकता महसुस गरी प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/०२/२९ मा जारी भएको प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो । सो आदेश अनुसार आयोगको अध्यक्ष मुख्यमन्त्री रहने तथा प्रदेश सरकारबाट नियुक्त उपाध्यक्ष र चारजना सदस्य, पदेन सदस्यका रूपमा प्रमुख सचिव र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा आयोगको सचिव सदस्य सचिव गरी नौ सदस्यीय आयोग गठन हुने व्यवस्था छ ।

### क.	आयोगको दूरदृष्टि

बागमती प्रदेशको समृद्धि एवं सन्तुलित र दिगो विकास

### ख.	लक्ष्य

अध्ययन र विश्लेषणका आधारमा नीति तथा योजना तर्जुमा र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने

### ग.	उद्देश्य

- दीर्घकालीन नीति तथा योजनाहरूको तर्जुमा गर्नु,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन गर्नु,
- नीतिगत अध्ययन अनुसन्धान गर्नु,
- तहगत समन्वय कायम गर्नु।

## २.	आयोगको काम, कर्तव्य र अधिकारः

### क.	दीर्घकालीन नीति तथा योजना तर्जुमा

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, तथा अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने,
- सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वययमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी परामर्श दिने,
- लाभ लागत लगायतका विविध विश्लेषणका आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,
- प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रदेश मापदण्ड तयार गर्ने गराउने,
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रकृयालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण र सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजना तर्जुमा गर्ने गराउने,
- प्रदेश तथा अन्तर्राष्ट्रिय नीति सम्वाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वयर सहजीकरण गर्ने,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने गराउने ।



Archived at https://infobank.bagamati.gov.np

**ख. अनुगमन तथा मूल्याङ्कन**

- प्रदेश विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने,
- मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति तथा प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,
- अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेसागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदाबिच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**ग. अध्ययन अनुसन्धान**

- प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाको विभिन्न पक्षको स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने
- प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र र गैरसरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन, व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

**घ. तहगत समन्वय**

- प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

## ३. आयोगमा रहने कर्मचारी र कार्य विवरण,


आयोगलाई आवश्यक पर्ने कर्मचारी बागमती प्रदेश सरकारले व्यवस्था गर्ने कानुनी प्रावधान रहेको छ, हाल आयोगमा देहायबमोजिमको २१ स्विकृत दरबन्दी मध्ये हाल ११ जना पदपूर्ति र १० जना रिक्त रहेका छन् ।

स्वीकृत कर्मचारी दरबन्दी सङ्ख्या २१ जना ।



Archived at https://infobank.bagamati.gov.np

प्रदेश नीति तथा योजना आयोगको उल्लेखित कार्य जिम्मेवारी एवं कार्यविवरण बमोजिम देहाय अनुसार सङ्गठन संरचना र दरबन्दी तेरीज प्रस्ताव गरिएको छ।






Archived at https://infobank.bagamati.gov.np

## दरबन्दी तेरिज

| क.सं. | पद | सेवा | समूह/ उपसमूह | श्रेणी/तह | मौजुदा | प्रस्तावित | थप/घट | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | सा.प्र. | एघारौं | १ | १ | ० | १ | |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | ० | १ | |
| ३ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ३ | ३ | ० | ३ | |
| ४ | तथ्याङ्क अधिकृत | आ.यो.त.त. | तथ्याङ्क | सातौं/आठौं | १ | ० | -१ | ० | |
| ५ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाँचौं/छैठौं | ३ | ४ | १ | ४ | |
| ६ | सहायक/अधिकृत | प्रशासन | लेखा | पाँचौं/छैठौं | १ | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत/सहायक | प्रशासन | विविध | पाँचौं/छैठौं | १ | २ | १ | २ | |
| ८ | सहायक/अधिकृत(तथ्याङ्क) | आ.यो.त.त. | तथ्याङ्क | पाँचौं/छैठौं | ० | १ | १ | १ | |
| ९ | सहायक चौथो | प्रशासन | सा.प्र. | चौथो/पाँचौं | १ | ० | -१ | ० | |
| १० | सहायक कम्प्युटर अपरेटर | प्रशासन | विविध | चौथो/पाँचौं | १ | ० | -१ | ० | |
| ११ | ह स चा | ईन्जिनियरिङ | मेकानिकल | तहविहीन | ३ | ४ | १ | ४ | |
| १२ | का स | प्रशासन | विविध | तहविहीन | ३ | ४ | १ | ४ | |
| जम्मा | | | | | १९ | २१ | २ | २१ | |

प्रमुख सचिव

११

## ४. कार्य विवरण,

<u>प्रदेश सचिव</u>

- अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरिवेक्षणमा आयोगको सदस्य सचिव भै काम गर्ने ।
- आयोगको सचिवले गर्ने कार्य गर्ने ।
- प्रदेशको नीति तथा योजना तर्जुमा गर्न आवश्यक विवरणहरू आयोगलाई उपलब्ध गराउने ।
- आयोगबाट निर्णय हुनुपर्ने विषयहरूको प्रस्ताव तयार पारी निर्णयको लागि पेश गर्ने ।
- आयोगको प्रशासकीय प्रमुख भई प्रशासकीय काम कार्वाहीलाई ब्यवस्थित गर्ने ।
- प्रचलित कानुन वमोजिम विभागीय प्रमुखले गर्नुपर्ने कामहरू गर्ने ।
- आयोगले तोकेको अन्य कार्यहरू र भैपरी आएका कामहरू गर्ने/गराउने ।



Archived at https://infobank.bagamati.gov.np

**अधिकृतस्तर नवौं/दशौं सामान्य प्रशासन**

- आयोगको महाशाखा प्रमुख भई शाखाहरूवाट सम्पादन हुने कामहरूलाई प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने ।
- प्रदेशको नीति तथा योजना तर्जुमा गर्न आवश्यक विवरणहरू तयार पार्ने ।
- आयोगको नीति तथा योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गर्ने/गराउने ।
- आयोगमा निर्णयको लागि पठाउनु पर्ने प्रस्तावहरू तयार पार्न सहयोग गर्ने ।
- आवश्यक नीति, ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरू तयार पारी पेश गर्ने ।
- आयोगबाट हुने विभिन्न अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्यहरूमा सहजीकरण गर्ने।
- तहगत तथा मन्त्रालयगत समन्वयका लागी आयोगलाई सहयोग र सहजीकरण गर्ने ।
- नीति तथा योजना,आयोजनाहरू र कार्यक्रमहरूको अनुगमनको काम गर्ने/गराउने।
- आयोग, विभिन्न समिति तथा उपसमितिहरूको वैठक व्यवस्थापन सम्बन्धी काम गर्ने/गराउने ।
- सचिवज्यूवाट अधिकार प्रत्यायोजन भएका र लगाएका कामहरू, भैपरी आएका अन्य कामहरू गर्ने/गराउने।
- संघीय र स्थानीय तहका विचमा आवश्यक समन्वय र सहजीकरण गर्ने/गराउने ।

**प्रशासन शाखा**

- आयोगको सचिवालयको आन्तरिक प्रशासन एवं कर्मचारी प्रशासन सम्बन्धी कार्यहरू गर्ने ।
- सचिवालयको कार्यक्रम तथा वजेट तर्जुमा गरी पेश गर्ने ।
- प्रदेश नीति तथा योजना आयोगको जनशक्ति योजना तयार पारी पेस गर्ने ।
- आयोग तथा विभिन्न समितिहरूको वैठक व्यवस्थापनको कार्यमा सहयोग गर्ने ।
- आयोगको काम सुचारुरूपमा सञ्चालन गर्न आवश्यक बस्तु तथा सेवाको खरिद व्यवस्थापन तथा नियमित आपुर्तीको व्यवस्था गर्ने/गराउने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी कामहरू गर्ने/गराउने ।
- सरकारी सम्पत्तिको रेखदेख, संरक्षण तथा अभिलेखीकरण गर्ने/गराउने ।
- सचिवालयको सूचना प्रवाहको व्यवस्था गर्ने ।
- सचिवालयमा प्राप्त पत्रहरूको दर्ता र वाहिर जाने पत्रहरूको चलानी गर्ने ।
- प्रशासनिक कागजपत्र एवं अभिलेखहरू सुरक्षित एवं ब्यवस्थित रुपमा राख्ने ।
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।

**आर्थिक प्रशासन शाखा**

- स्वीकृत वजेट तथा कार्यक्रम अनुसार अख्तियारी प्राप्त गर्ने ।
- भुक्तानीको लागि पेश हुन आएका विल भरपाई चेक जाँच गरी प्रचलित कानुन वमोजिम भुक्तानी पठाउने ।
- विनियोजन, राजश्व र धरौटी कारोवारको स्रेस्ताहरू प्रचलित कानुन वमोजिम राख्ने ।
- प्रचलित कानुन वमोजिम तयार पार्नुपर्ने प्रतिवेदनहरू तयार पारी सम्वन्धित निकायहरूमा पठाउने ।
- सचिवालयको वार्षिक कार्यक्रम अनुसार वजेट तयार पार्न प्रशासन शाखालाई सहयोग गर्ने ।
- आर्थिक प्रशासन सम्वन्धी राय सल्लाह दिने ।
- आर्थिक कारोवारको आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउने ।
- आन्तरिक तथा अन्तिम लेखा परिक्षणबाट देखिएका वेरुजु फछ्यौंट गर्ने/गराउने ।



Archived at https://infobank.bagamati.gov.np

- आर्थिक प्रशासन सम्वन्धी कागजपत्र एवं अभिलेखहरू सुरक्षित एवं ब्यवस्थित रुपमा राख्ने ।
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।

**नीति तथा योजना शाखा**

- प्रदेशको नीति तर्जुमा, आवधिक योजना निर्माणको काममा आवश्यक संयोजन गर्ने ।
- प्रदेश मन्त्रालय एवं निकायहरूका नीति तर्जुमा, आवधिक योजना निर्माण, वार्षिक योजना तथा कार्यक्रम निर्माणको काममा सहयोग गर्ने ।
- स्थानीय तहको आवधिक योजना निर्माण, वार्षिक योजना तथा कार्यक्रम निर्माण गर्ने कार्यमा समन्वय र सहयोग गर्ने।
- आयोगबाट निर्णय गराउनुपर्ने नीति तथा योजनाको सम्वन्धमा प्रस्ताव तयार गर्न सहयोग गर्ने ।
- नीति तथा योजनाको क्षेत्रमा क्षेत्रगत समस्याहरू पहिचान गरी निराकरणको लागि सुझावहरू तयार पारी पेश गर्ने।
- नीति तथा योजनाहरूको आवधिक समिक्षाको लागि कार्य गर्ने ।
- नीति तथा योजनाको विषयमा भए गरेका कार्यहरूको प्रतिवेदन तयार पार्ने ।
- दिगो विकास लक्ष्य र मध्यकालिन खर्च संरचनाको कार्यान्वयनमा सहजीकरण गर्ने ।
- प्रदेश मन्त्रालय एव्म निकायहरू र स्थानीय तहहरूबाट नीति तथा योजनाको विषयमा माग भएका राय उपलब्ध गराउने ।
- आयोगबाट नीति तथा योजनाको सम्वन्धमा भए गरेका निर्णयहरू कार्यान्वयन गराउने र प्रतिवेदन तयार पार्ने।
- नीति तथा योजनाको विषयमा भए गरेका कार्यहरूको कागजपत्र एवंम् अभिलेखहरू सुरक्षित एवंम् ब्यवस्थित रुपमा राख्ने ।
- आयोगको कार्यक्रमहरू कार्यान्वियन गर्ने ।
- आयोगको कार्यक्रमहरू वनाउन सहयोग गर्ने ।
- आयोग र प्रदेश मन्त्रालय एवं निकायहरूका वीच समन्वय गर्ने ।
- आयोग र अन्तर तहगत समन्वयको कार्यमा सहजीकरण गर्ने ।
- आयोग र राष्ट्रिय योजना आयोगवीच समन्वय र सहकार्यको लागि सहजीकरण गर्ने ।
- कार्यक्रम तथा समन्वयको विषयमा भए गरेका कार्यहरूको प्रतिवेदन तयार पार्ने ।
- कार्यक्रम तथा समन्वयको विषयमा भए गरेका कार्यहरूको कागजपत्र एवंम् अभिलेखहरू सुरक्षित एवं ब्यवस्थित रुपमा राख्ने ।
- सम्बन्धित निकायलाई सूचना र सम्पर्क गर्ने,
- आयोजनाको प्राथमिकता निर्धारण गर्ने,
- बहुवर्षीय आयोजना सिफारिसको लागि माग भै आएमा सो को आयोजनाको विश्लेषण गर्ने,
- योजनाहरु मापदण्ड बमोजिम भए नभएको विश्लेषण गर्ने ।
- योजनालाई प्राथमिकताको आधारमा वर्गीकरण गरी लगत राख्ने,
- सम्बन्धीत निकायले सञ्चालन गरेका आयोजनाहरू आयोजना बैंकमा समावेश भए नभएको हेरी वर्गीकरण गर्ने,
- छनौट भएर आएका योजना / आयोजनाहरू आयोजना बैंकमा प्रविष्टि गर्ने,
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।



Archived at https://infobank.bagamati.gov.np

**अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा**

- अनुगमन तथा मुल्याङ्कन सम्वन्धी वार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने ।
- प्रदेश योजना, अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन अनुसार अनुगमन तथा मुल्याङ्कन कार्यहरू गर्ने/गराउने ।
- योजना तथा विकास कार्यहरूको चौमासिक तथा वार्षिक समिक्षाहरू सञ्चालन र पृष्ठपोषण गर्ने ।
- प्रदेश मन्त्रालय र निकायहरूको आवधिक योजना तथा विकास कार्यहरूको आवधिक समिक्षा र पृष्ठपोषण गर्ने।
- प्रदेश विकास समस्या समाधान समितिको सचिवालयवाट सम्पादन गर्नुपर्ने कामहरू सम्पादन गर्ने ।
- प्रदेश मन्त्रालयहरूले गरेका अनुगमनका नियमित प्रतिवेदनहरू प्राप्त गर्ने, विष्लेषण र पृष्ठपोषण गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन सम्वन्धी कामका नियमित प्रतिवेदन तयार पार्ने ।
- अनुगमन तथा मुल्याङ्कन सम्वन्धी विषयमा भए गरेका कार्यहरूको गजपत्र एवंम् अभिलेखहरू सुरक्षित एवंम् ब्यवस्थित रुपमा राख्ने ।
- आयोगवाट गरिने विभिन्न अध्ययन तथा अनुसन्धानहरूको वार्षिक कार्ययोजना वनाई लागू गर्ने/गराउने ।
- योजना/परियोजनाहरूको असर, प्रभावहरूको अध्ययन, अनुसन्धान गर्ने/गराउने कार्यमा सहजीकरण गर्ने ।
- विभिन्न अध्ययन तथा अनुसन्धानको प्रतिवेदनहरू प्राप्त गर्ने र कार्यान्वयनको लागि पेश गर्ने ।
- आयोगको कार्यको लागि आवश्यक पर्ने सवै खालका सूचना तथा तथ्याङ्कहरू विभिन्न स्रोतवाट सङ्कलन गर्ने।
- सङ्कलित तथ्याङ्कहरू प्रशोधन तथा विश्लेषण गर्ने ।
- आयोगलाई आवश्यक परेको वखत आवश्यक सूचना र तथ्याङ्क उपलब्ध गराउने ।
- आयोगको सूचना प्रविधि सम्वन्धी काम गर्ने ।
- अनुसन्धान तथा तथ्याङ्क सम्वन्धी कामका नियमित प्रतिवेदन तयार पार्ने ।
- आयोगको वेव साईट लगाएतका विद्युतीय सूचनाहरू दुरुस्त र अध्यावधिक गरी राख्ने ।
- अनुसन्धान तथा तथ्याङ्क सम्वन्धी विषयमा भए गरेका कार्यहरूको गजपत्र एवंम् अभिलेखहरू सुरक्षित र ब्यवस्थित रुपमा राख्ने ।
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।

**उपाध्यक्षको निजी सचिवालय**

- उपाध्यक्षको दैनिक कार्य सञ्चालनको काममा समन्वय र सहयोग गर्ने ।

**हलुका सवारी चालक**

- सचिवालयबाट तोकिएको सवारी साधन जिम्मा लिई सवारी साधन प्रयोग गर्ने पदाधिकारीको निर्देशन अनुसार सञ्चालन गर्ने ।
- सवारी साधन संरक्षण तथा मर्मत सम्भारको लागि सम्वन्धित अधिकारी समक्ष जानकारी गराउने ।
- सवारी साधनलाइ दैनिक रुपमा सुरक्षित स्थानमा पार्किङ्ग गरी राख्ने ।
- सवारीको दैनिक लगवुक राखी खर्च भएको तेल तथा अन्य सामग्रीको विवरण समयमा नै वुझाउने ।
- सवारी साधनको सरसफाई तथा हिफाजत गरी राख्ने ।
- कार्यालयमा आइ परेका कार्यहरू गर्ने ।
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।



Archived at https://infobank.bagamati.gov.np

**<u>कार्यालय सहयोगी</u>**

- प्रदेश नीति तथा योजना आयोगको भौतिक सम्पत्तिहरूको सुरक्षा गर्ने ।
- चिठिपत्र तथा फाइलहरू तोकिएको स्थानमा समयमै पुर्‍याउने ।
- आयोगका पदाधिकारी, कर्मचारी तथा अतिथिहरूलाइ चिया पानीको व्यवस्था गर्ने ।
- आयोगका टेवुल, कुर्सी, दराज, कम्प्युटर र प्रिन्टर आदी उपकरणहरू सरसफाइ गर्ने तथा कार्यालय परिसर सफा सुग्घर राख्ने ।
- सचिवालयबाट लगाए/अराएको कार्यहरू गर्ने ।
- भैपरी आएका अन्य कार्यहरू गर्ने ।

## ५. आयोगबाट प्रदान गरिने सेवा,

यस आयोगबाट मुख्यतः निम्न सेवा प्रवाह हुन्छः

क. प्रदेश सरकारको उद्देश्य प्राप्तीमा आवश्यक पर्ने दिर्धकालिन नीति तथा योजना तर्जुमा

ख. प्रदेशको योजनाहरूको अनुगमन तथा मूल्याङ्कनका कार्यहरू

ग. नीति तथा योजनाहरूको अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्यहरू

घ. तहगत समन्वय सम्बन्धी कार्यहरू।

सेवा प्रवाह गर्ने आयोगको शाखाहरू

क. प्रशासन शाखा

ख. आर्थिक प्रशासन शाखा

ग. नीति तथा योजना शाखा

घ. अनुगमन, मूल्याङ्कन तथा अनुशन्धान शाखा

सेवा प्राप्त गर्ने प्रक्रियाः

- सरोकारवाला निकायहरूले आयोगको सेवा माग गर्दा सम्बन्धित कार्यविधिअनुसार प्रकृया पुरा गरी माग गर्नुपर्ने ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

प्रशासनिक कामको सम्बन्धमा सम्बन्धित शाखाबाट कामको सुरुवात भई सचिवबाट निर्णय हुने ।
नीतिगत निर्णय र नीति तथा योजनाको कामको सम्बधमा- सदस्य सचिवले प्रस्ताव पेस गर्ने र आयोगबाट निर्णय हुने ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

आयोगको सचिव



Archived at https://infobank.bagamati.gov.np

## ८. प्रकाशन अवधिमा आयोगबाट सम्पादन भएको कामहरुको विवरणः

- सबै प्रदेशका प्रदेश नीति तथा योजना आयोगहरूको अनुभव आदान प्रदान तथा समन्वय बैठक सम्पन्न भएको ।
- Interaction Program with Donors and Development partners (DPS) सम्पन्न भएको ।
- बहुवर्षीय ठेक्का आयोजनाहरूको मूल्याङ्कन गरी पहिलो प्राथमिकता P1 मा परेका आयोजनाहरूलाई बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चित गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएको ।
- आर्थिक वर्ष २०८३/०८४ को लागि संघीय समपुरक तथा विशेष अनुदान आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको ।
- प्रदेशस्तरीय विकास समस्य समाधान समितिको बैठक सम्पन्न भएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमहरुको सिन्धुलि जिल्लाको फिक्कल गाउँपालिका, दोलखा जिल्लाको भिमेश्वर नगरपालिका र सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे, बलेफी गाउँपालिका चौतारा नगरपालिकामा अनुगमन गरिएको।
- नुवाकोट, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, भक्तपुर र काभ्रेका स्वास्थ्य शाखा प्रमुख र पोषण केन्द्रीय व्यक्तिहरूका लागि MSNP र NFLG सम्बन्धी छ वटा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको ।
- २ जिल्ला र ९ पालिकाहरूमा NFSSC सदस्य र अन्य सरोकारवालाहरूका लागि MSNP र NFLG सम्बन्धी बाह्रवटा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको ।
- प्रदेशका सबै स्थानीय तहमा MSNP गतिविधि योजना तयार गर्न सहयोग गरियो । साथै स्थानीय तहमा MSNP सहजकर्ताहरू भर्ना गर्न सहयोग गरियो ।
- बहुक्षेत्रीय पोषण योजना-तेस्रो का कार्यान्वयन सम्बन्धमा प्रदेश स्तरिय समन्वय बैठक सम्पन्न भएको ।
- प्रदेश स्तरिय समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- चालु आ.व. २०८३/८४ को लागी स्वास्थ्य मन्त्रालय बाट ४ वटा गाउपालिकाहरु (फिकल, तिनपाटन, राक्सिराङ, कैलाश) ले विशेष अनुदान प्राप्त गर्न आयोगको सहजिकरणमा सफल भएको ।
- विभिन्न पालिकाहरूमा थप ९ जना पोषण सहजकर्ता नियुक्ति गर्न सहयोग गरिएको।
- आयोगको पैरविमा ७० भन्दा बढी पालिकाहरूले स्थानिय स्रोत परिचालन गरी कार्यक्रम संचालन गरिएको ।
- ३ वटा वडाहरू (फिक्कल गापा वडा नं. ३ र ५ तथा तिनपाटन गापा वडा नं. १०) पोषणमैत्री वडा घोषणा गर्न सहयोग गरिएको ।
- ४१ वटा पालिकाहरूमा १ हजार जना भन्दा बढी विपन्न सुनौला हजार दिनका महिलाहरूलाई आय आर्जन अनुदान वितरण गर्न सहयोग गरिएको ।
- आयोगको सहजिकरणमा पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक नियमित हुदै आएको।
- बर्दिबासमा तीन प्रदेशको राष्ट्रिय पोषण समीक्षा बैठकमा भाग लिएर MSNP कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको। साथै पोषण विशेष कार्यक्रम समीक्षा बैठकमा भाग लिएर MSNP कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको।
- प्रदेश विकास जर्नल अङ्क ६ प्रकाशन गरिएको ।
- विकास साझेदारी सस्थाहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी छलफल कार्यक्रम सञ्चालन भएको ।
- २१ स्थानीय तह र १२ जिल्लाहरूको भ्रमण गरी २५० भन्दा बढी निर्वाचित प्रतिनिधिहरू मेयर/उपमेयर, प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, र प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, स्कूल स्वास्थ्य नर्सहरू साथै अन्य सरोकारवालाहरूसँग बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा छलफल गरिएको ।
- दुईपाङ्ग्रे सवारी साधन खरिद गरिएको ।



Archived at https://infobank.bagamati.gov.np

- प्रोजेक्ट बैंकमा आवश्यक विवरण/फिचर थप गरी मर्मत सम्भार गरिएको ।
- कर्मचारीहरूको क्षमता विकास गर्न कृत्रिम बौद्धिकता, उत्प्रेरणा तथा व्यावसायिकता सम्बन्धी तालिम सञ्चालन भएको ।
- कार्यालयमा सि.सि क्यामेरा जडानको कार्य सम्पन्न भएको ।
- बागमती प्रदेशमा सूचना प्रविधिको विकास, उपयोग तथा विस्तारमा सरोकारबालाहरुको भूमिका सम्बन्धी अध्ययन सम्पन्न गरिएको ।

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पद,

**सूचना अधिकारी**

नाम- वीरबहादुर खत्री

पद- शाखा अधिकृत

**कार्यालय प्रमुख**

नाम- हेमराज भुसाल

पद- प्रदेश सचिव

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

- प्रदेश नीति तथा योजना आयोग गठन र कार्य सन्चालन आदेश आदेश २०७५
- वार्षिक योजना छनोट कार्यविधि २०७८
- प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७६



Archived at https://infobank.bagamati.gov.np

## ११. खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

चालुतर्फ

प्रदेश सरकार,बागमती प्रदेश

म.ले.प. फाराम नं:२१०

प्रदेश नीति तथा योजना आयोग

कार्यालय कोड नं : ३९१००३२०१३

**खर्चको फाँटबारी**

**बजेट उपशीर्षक नम्बर:** ३९१०००११३

**आर्थिक वर्ष:** २०८२/८३

**आयोजना/कार्यक्रम नाम:** प्रदेश नीति तथा योजना आयोग

**महिना:** असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21111पारिश्रमिक कर्मचारी | | | | | ९,६६४,०००.०० | ५,९९३,८५९.०० | ५,६०९,८८६.५० | ३८३,९७२.५० | ५,९९३,८५९.०० | 0.00 | ५,९९३,८५९.०० | ३,६७०,१४१.०० |
| 1.1.1.3अधिकृतस्तर दशौं | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ९९५,०००.०० | ३४९,०८८.४० | ३४९,०८८.४० | 0.00 | ३४९,०८८.४० | 0.00 | ३४९,०८८.४० | ६४५,९११.६० |
| 1.1.1.36प्रदेश सचिव (एघारौं तथा सो सरह) र खरिदार थप सुविधा समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १,३९२,०००.०० | ९२४,४४०.९० | ८१८,६६१.७० | १०५,७७९.२० | ९२४,४४०.९० | 0.00 | ९२४,४४०.९० | ४६७,५५९.१० |
| 1.1.1.5अधिकृतस्तर आठौं | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २,५६१,०००.०० | २,२१३,५०१.१० | २,०८६,८५७.०० | १२६,६४४.१० | २,२१३,५०१.१० | 0.00 | २,२१३,५०१.१० | ३४७,४९८.९० |
| 1.1.1.7अधिकृतस्तर छैटौं | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४,७१६,०००.०० | २,५०६,८२८.६० | २,३५५,२७९.४० | १५१,५४९.२० | २,५०६,८२८.६० | 0.00 | २,५०६,८२८.६० | २,२०९,१७१.४० |
| 21112पारिश्रमिक पदाधिकारी | | | | | २,८६६,०००.०० | ९८,१३६.०० | ९८,१३६.०० | 0.00 | ९८,१३६.०० | 0.00 | ९८,१३६.०० | २,७६७,८६४.०० |
| 1.1.7.3प्रदेश योजना आयोगका उपाध्यक्ष | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ७३९,०००.०० | ३३,६२४.०० | ३३,६२४.०० | 0.00 | ३३,६२४.०० | 0.00 | ३३,६२४.०० | ७०५,३७६.०० |
| 1.1.7.4प्रदेश योजना आयोगको सदस्यहरु | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २,१२७,०००.०० | ६४,५१२.०० | ६४,५१२.०० | 0.00 | ६४,५१२.०० | 0.00 | ६४,५१२.०० | २,०६२,४८८.०० |
| 21121पोशाक | | | | | १२०,०००.०० | १२०,०००.०० | १२०,०००.०० | 0.00 | १२०,०००.०० | 0.00 | १२०,०००.०० | 0.00 |
| 1.3.1.1निजामती कर्मचारीहरुको पोशाक खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १२०,०००.०० | १२०,०००.०० | १२०,०००.०० | 0.00 | १२०,०००.०० | 0.00 | १२०,०००.०० | 0.00 |
| 21132महंगी भत्ता | | | | | ५९४,०००.०० | ४३५,६५७.०० | ४०५,६५७.०० | ३०,०००.०० | ४३५,६५७.०० | 0.00 | ४३५,६५७.०० | १५८,३४३.०० |
| 1.2.2.1स्थायी कर्मचारीको महंगी भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५९४,०००.०० | ४३५,६५७.०० | ४०५,६५७.०० | ३०,०००.०० | ४३५,६५७.०० | 0.00 | ४३५,६५७.०० | १५८,३४३.०० |
| 21134कर्मचारीको बैठक भत्ता | | | | | ८०,०००.०० | २८,५००.०० | २८,५००.०० | 0.00 | २८,५००.०० | 0.00 | २८,५००.०० | ५१,५००.०० |
| 1.2.4.5कर्मचारी बैठक भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ८०,०००.०० | २८,५००.०० | २८,५००.०० | 0.00 | २८,५००.०० | 0.00 | २८,५००.०० | ५१,५००.०० |
| 21139अन्य भत्ता | | | | | १०५,३७५.०० | ६३,६००.०० | ५४,६००.०० | ९,०००.०० | ६३,६००.०० | 0.00 | ६३,६००.०० | ४१,७७५.०० |
| 1.2.10.2अतिरिक्त समय कामकाज खर्च पालो पहरा भत्ता समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १००,३७५.०० | ६३,६००.०० | ५४,६००.०० | ९,०००.०० | ६३,६००.०० | 0.00 | ६३,६००.०० | ३६,७७५.०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1.2.10.2अतिरिक्त समय कामकाज खर्च पालो पहरा भत्ता समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १००,३७५.०० | ६३,६००.०० | ५४,६००.०० | ९,०००.०० | ६३,६००.०० | ०.०० | ६३,६००.०० | ३६,७७५.०० |
| 1.2.8.1प्रसुती स्याहार भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,०००.०० |
| 21141पदाधिकारी बैठक भत्ता | | | | | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 1.2.11.1पदाधिकारी बैठक भत्ता | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| 21142पदाधिकारी अन्य सुविधा | | | | | २,२४८,४००.०० | १११,७४४.०० | १११,७४४.०० | ०.०० | १११,७४४.०० | ०.०० | १११,७४४.०० | २,१३६,६५६.०० |
| 1.7.2.1पदाधिकारीहरुको अन्य सुविधा(संचार, पारवहन, ईन्धन, विविध लगायत अन्य) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २,२४८,४००.०० | १११,७४४.०० | १११,७४४.०० | ०.०० | १११,७४४.०० | ०.०० | १११,७४४.०० | २,१३६,६५६.०० |
| 21212योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | | | | | ९६,०००.०० | ३१,३२६.४८ | ३१,३२६.४८ | ०.०० | ३१,३२६.४८ | ०.०० | ३१,३२६.४८ | ६४,६७३.५२ |
| 1.6.2.1स्थायी कर्मचारी योगदानमा आधारित निवृत्तिभरण कोष खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ९६,०००.०० | ३१,३२६.४८ | ३१,३२६.४८ | ०.०० | ३१,३२६.४८ | ०.०० | ३१,३२६.४८ | ६४,६७३.५२ |
| 21213योगदानमा आधारित बीमा कोष खर्च | | | | | ६०,०००.०० | ३६,८००.०० | ३४,४००.०० | २,४००.०० | ३६,८००.०० | ०.०० | ३६,८००.०० | २३,२००.०० |
| 1.6.4.1स्थायी कर्मचारीको योगदानमा आधारित बीमा कोष | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ६०,०००.०० | ३६,८००.०० | ३४,४००.०० | २,४००.०० | ३६,८००.०० | ०.०० | ३६,८००.०० | २३,२००.०० |
| 22111पानी तथा बिजुली | | | | | २८२,०००.०० | १४९,९३५.०० | १४९,९३५.०० | ०.०० | १४९,९३५.०० | ०.०० | १४९,९३५.०० | १३२,०६५.०० |
| 2.1.1.1धाराको महसुल | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ६०,०००.०० | ३०,०००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ३०,०००.०० |
| 2.1.2.1विद्युत महशुल | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १६२,०००.०० | ११९,९३५.०० | ११९,९३५.०० | ०.०० | ११९,९३५.०० | ०.०० | ११९,९३५.०० | ४२,०६५.०० |
| 2.1.3.4पिउने पानी जार तथा बोत्तल | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ६०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६०,०००.०० |
| 22112संचार महसुल | | | | | १८०,०००.०० | १५,९७५.०० | ७,५००.०० | ८,४७५.०० | १५,९७५.०० | ०.०० | १५,९७५.०० | १६४,०२५.०० |
| 2.1.14.1संचार खर्च (विभिन्न ईन्टरनेट,टेलिफोन लगायत अन्य संचार खर्च समेत) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १८०,०००.०० | १५,९७५.०० | ७,५००.०० | ८,४७५.०० | १५,९७५.०० | ०.०० | १५,९७५.०० | १६४,०२५.०० |
| 22211इन्धन (पदाधिकारी) | | | | | ४८४,३९७.०० | १९,१४३.०० | १९,१४३.०० | ०.०० | १९,१४३.०० | ०.०० | १९,१४३.०० | ४६५,२५४.०० |
| 2.2.1.5पदाधिकारी ईन्धन मोबिल समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४८४,३९७.०० | १९,१४३.०० | १९,१४३.०० | ०.०० | १९,१४३.०० | ०.०० | १९,१४३.०० | ४६५,२५४.०० |
| 22212इन्धन (कार्यालय प्रयोजन) | | | | | ५५९,१८०.०० | ४८७,५९५.०० | ४१८,५१८.०० | ६९,०७७.०० | ४८७,५९५.०० | ०.०० | ४८७,५९५.०० | ७१,५८५.०० |
| 2.2.2.5कार्यालय प्रयोजन ईन्धन डिजेल तथा मोबिल(चार तथा दुई पाङ्ग्रे) समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३०९,२८०.०० | ३०५,२०५.०० | २७२,४१६.०० | ३२,७८९.०० | ३०५,२०५.०० | ०.०० | ३०५,२०५.०० | ४,०७५.०० |
| 2.2.2.6ईन्धन दुई पाङ्ग्रे मा◌ेबिल समेत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २४९,९००.०० | १८२,३९०.०० | १४६,१०२.०० | ३६,२८८.०० | १८२,३९०.०० | ०.०० | १८२,३९०.०० | ६७,५१०.०० |
| 22213सवारी साधन मर्मत खर्च | | | | | ९८०,०००.०० | ३००,९०१.०० | २५८,७३३.०० | ४२,१६८.०० | ३००,९०१.०० | ०.०० | ३००,९०१.०० | ६७९,०९९.०० |
| 2.3.1.2हलुका सवारी साधन मर्मत खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ७९०,०००.०० | १७४,७४४.०० | १४९,५२२.०० | २५,२२२.०० | १७४,७४४.०० | ०.०० | १७४,७४४.०० | ६१५,२५६.०० |
| 2.3.1.3दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १९०,०००.०० | १२६,१५७.०० | १०९,२११.०० | १६,९४६.०० | १२६,१५७.०० | ०.०० | १२६,१५७.०० | ६३,८४३.०० |
| 22214बिमा तथा नवीकरण खर्च | | | | | ३९०,०००.०० | २८२,७८६.०० | २३०,४२४.०० | ५२,३६२.०० | २८२,७८६.०० | ०.०० | २८२,७८६.०० | १०७,२१४.०० |
| 2.9.2.1सवारी साधनको बीमा | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २४६,०००.०० | १६९,८३६.०० | १३३,९२४.०० | ३५,९१२.०० | १६९,८३६.०० | ०.०० | १६९,८३६.०० | ७६,१६४.०० |
| 2.9.4.1नवीकरण | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १४४,०००.०० | ११२,९५०.०० | ९६,५००.०० | १६,४५०.०० | ११२,९५०.०० | ०.०० | ११२,९५०.०० | ३१,०५०.०० |
| 22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | १३९,९२०.०० | ५१,१४३.०० | २७,६००.०० | २३,५४३.०० | ५१,१४३.०० | ०.०० | ५१,१४३.०० | ८८,७७७.०० |
| 2.3.2.4मेशिनरी औजार\उपकरण मर्मत खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १३९,९२०.०० | ५१,१४३.०० | २७,६००.०० | २३,५४३.०० | ५१,१४३.०० | ०.०० | ५१,१४३.०० | ८८,७७७.०० |
| 22231निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | | | १०५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०५,०००.०० |
| 2.3.9.1भवन मर्मत तथा संभार खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १०५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०५,०००.०० |
| 22291अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | | | | | १३९,९२०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १३९,९२०.०० |
| 2.3.18.1फर्निचर लगायत अन्य मर्मत | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १३९,९२०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १३९,९२०.०० |
| 22311मसलन्द तथा कार्यालय सामाग्री | | | | | ७००,०००.०० | ५९५,२११.०० | ४६९,२१४.०० | १२५,९९७.०० | ५९५,२११.०० | ०.०० | ५९५,२११.०० | १०४,७८९.०० |
| 2.4.1.1कार्यालय मसलन्द सामान खर्च(कार्यालय सामान तथा सेवा) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ७००,०००.०० | ५९५,२११.०० | ४६९,२१४.०० | १२५,९९७.०० | ५९५,२११.०० | ०.०० | ५९५,२११.०० | १०४,७८९.०० |
| 22314इन्धन - अन्य प्रयोजन | | | | | ५०,४००.०० | ५,७५०.०० | ५,७५०.०० | ०.०० | ५,७५०.०० | ०.०० | ५,७५०.०० | ४४,६५०.०० |
| 2.2.3.7सवारी साधन वाहेकका मेशीनरी औजारमा प्रयोग हुने,ग्याँस तथा ब्याट्री लगायतको अन्य ईन्धन खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५०,४००.०० | ५,७५०.०० | ५,७५०.०० | ०.०० | ५,७५०.०० | ०.०० | ५,७५०.०० | ४४,६५०.०० |
| 22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | ३१५,०००.०० | ३१,२५९.०० | ३१,२५९.०० | ०.०० | ३१,२५९.०० | ०.०० | ३१,२५९.०० | २८३,७४१.०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.4.12.1पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २८०,०००.०० | १४,४००.०० | १४,४००.०० | ०.०० | १४,४००.०० | ०.०० | १४,४००.०० | २६५,६००.०० |
| 2.4.13.1पुस्तकालय पुस्तक | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५,०००.०० | १६,८५९.०० | १६,८५९.०० | ०.०० | १६,८५९.०० | ०.०० | १६,८५९.०० | १८,१४१.०० |
| **22411सेवा र परामर्श खर्च** | | | | | **२,४००,०००.००** | **८८५,०१६.००** | **०.००** | **८८५,०१६.००** | **८८५,०१६.००** | **०.००** | **८८५,०१६.००** | **१,५१४,९८४.००** |
| 2.5.3.16प्रदेश सरकारबाट सञ्चालित आयोजनाको प्रभाव मूल्याङ्कन (Impact Study) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| 2.5.3.18आयोजना अनुगमन सम्बन्धी प्रणालीको विकास तथा सञ्चालन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २५०,०००.०० |
| 2.5.3.19नीति तथा कार्यक्रम, बजेटको सामञ्जस्यता तथा प्रभावकारीता सम्बन्धी अध्ययन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २५०,०००.०० |
| 2.5.3.20न्यून मानव विकास सूचकाङ्क भएका स्थानीय तहको आर्थिक विकास सम्बन्धी अध्ययन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| 2.5.3.24बागमती प्रदेशमा सूचना प्रविधिको विकास, प्रयोग र विस्तार गर्नका लागि सरोकारवाला निकायहरुको भूमिका सम्बन्धी अध्ययन तथा अनुसन्धान | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ९००,०००.०० | ८८५,०१६.०० | ०.०० | ८८५,०१६.०० | ८८५,०१६.०० | ०.०० | ८८५,०१६.०० | १४,९८४.०० |
| **22413करार सेवा शुल्क** | | | | | **४,२१३,०००.००** | **२,३६६,४५७.००** | **२,१९५,००९.००** | **१७१,४४८.००** | **२,३६६,४५७.००** | **०.००** | **२,३६६,४५७.००** | **१,८४६,५४३.००** |
| 1.1.9.1महंगी भत्ता करार कर्मचारी | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४१५,०००.०० | ३३१,९७२.०० | ३०६,९७२.०० | २५,०००.०० | ३३१,९७२.०० | ०.०० | ३३१,९७२.०० | ८३,०२८.०० |
| 2.5.8.2कार्यालय सहयोगी | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १,२००,०००.०० | ९५९,२६३.०० | ८८५,१५७.०० | ७४,१०६.०० | ९५९,२६३.०० | ०.०० | ९५९,२६३.०० | २४०,७३७.०० |
| 2.5.8.3हलुका सवारी चालक | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १,३४४,०००.०० | ५६७,६७२.०० | ५४०,०६०.०० | २७,६१२.०० | ५६७,६७२.०० | ०.०० | ५६७,६७२.०० | ७७६,३२८.०० |
| 2.5.8.5करार सेवा कर्मचारीहरूको चाडपर्व खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २७०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २७०,०००.०० |
| 2.5.8.6कम्प्युटर अपरेटर | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ८४०,०००.०० | ४५१,४९०.०० | ४१६,७६०.०० | ३४,७३०.०० | ४५१,४९०.०० | ०.०० | ४५१,४९०.०० | ३८८,५१०.०० |
| 2.5.8.8कार्यालय सरसफाई,मेशीनरी मर्मत,बगैंचा हेरचाह लगायतका सेवा कार्यहरु | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १४४,०००.०० | ५६,०६०.०० | ४६,०६०.०० | १०,०००.०० | ५६,०६०.०० | ०.०० | ५६,०६०.०० | ८७,९४०.०० |
| **22511कर्मचारी तालिम खर्च** | | | | | **१२०,०००.००** | **१०६,९९६.००** | **०.००** | **१०६,९९६.००** | **१०६,९९६.००** | **०.००** | **१०६,९९६.००** | **१३,००४.००** |
| 2.6.1.1कर्मचारी दक्षता वृद्धि तालिम (प्रमाण पत्र दिने)(तालिम तथा गोष्ठी) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १२०,०००.०० | १०६,९९६.०० | ०.०० | १०६,९९६.०० | १०६,९९६.०० | ०.०० | १०६,९९६.०० | १३,००४.०० |
| **22522कार्यक्रम खर्च** | | | | | **४,७९१,०००.००** | **४८९,३७१.००** | **८२,४३०.००** | **४०६,९४१.००** | **४८९,३७१.००** | **०.००** | **४८९,३७१.००** | **४,३०१,६२९.००** |
| 2.6.7.3ऐन, नियम, कार्यविधि, नीति, रणनीति लगायतका कार्य | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| 2.6.8.1प्रदेश तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १७५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १७५,०००.०० |
| 2.7.16.1प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रम प्रवर्द्धन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| 2.7.25.13प्रदेश विकास परिषदको बैठक तथा सञ्चालन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १४०,०००.०० |
| 2.7.25.14चौमासिक समीक्षा तथा प्रदेश विकास समस्या समाधान समितिको बैठक | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३३६,०००.०० | ५६,७८०.०० | ५६,७८०.०० | ०.०० | ५६,७८०.०० | ०.०० | ५६,७८०.०० | २७९,२२०.०० |
| 2.7.25.19प्रदेश विकास जर्नल तयारी तथा प्रकाशन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३००,०००.०० | १९९,७५६.०० | ०.०० | १९९,७५६.०० | १९९,७५६.०० | ०.०० | १९९,७५६.०० | १००,२४४.०० |
| 2.7.25.37आयोजना बैंक व्यवस्थापन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २५०,०००.०० | १९७,१८५.०० | ०.०० | १९७,१८५.०० | १९७,१८५.०० | ०.०० | १९७,१८५.०० | ५२,८१५.०० |
| 2.7.25.39सरोकारवालाहरुसँग नीति संवाद/सम्मेलन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| 2.7.34.12आयोजना बैङ्क सम्बन्धी अभिमुखीकरण/तालिम | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४२०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४२०,०००.०० |
| 2.7.5.13प्रदेश स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक, पोषण सम्बन्धी सरोकारवालाहरूको समन्वयात्मक बैठक तथा अनुगमन कार्यक्रमहरू संचालन | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ४२०,०००.०० | ३५,६५०.०० | २५,६५०.०० | १०,०००.०० | ३५,६५०.०० | ०.०० | ३५,६५०.०० | ३८४,३५०.०० |
| 2.7.5.7वार्षिक योजना तर्जुमा गोष्ठी जिल्ला जिल्ला स्तरमा | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००,०००.०० |
| 2.7.7.1अध्ययन /सर्वेक्षण/अनुसन्धान(सेवा तथा अन्य कार्यक्रम) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| **22611अनुगमन, मूल्यांकन खर्च** | | | | | **६३०,०००.००** | **३०८,४४०.००** | **२७८,१४०.००** | **३०,३००.००** | **३०८,४४०.००** | **०.००** | **३०८,४४०.००** | **३२१,५६०.००** |
| 2.8.1.1अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च(अनुगमन, मुल्याङ्कन र भ्रमण ) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ६३०,०००.०० | ३०८,४४०.०० | २७८,१४०.०० | ३०,३००.०० | ३०८,४४०.०० | ०.०० | ३०८,४४०.०० | ३२१,५६०.०० |
| **22612भ्रमण खर्च** | | | | | **६०,०००.००** | **१२,५००.००** | **१२,५००.००** | **०.००** | **१२,५००.००** | **०.००** | **१२,५००.००** | **४७,५००.००** |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.8.2.1सरुवा भ्रमण खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ६०,०००.०० | १२,५००.०० | १२,५००.०० | ०.०० | १२,५००.०० | ०.०० | १२,५००.०० | ४७,५००.०० |
| 22711विविध खर्च | | | | | ५७४,५९०.०० | २३३,६४४.०० | १९२,०४९.०० | ४१,५९५.०० | २३३,६४४.०० | ०.०० | २३३,६४४.०० | ३४०,९४६.०० |
| 2.9.8.1अतिथि सत्कार,चियापान लगायत भैपरी आउने विविध खर्च | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ५७४,५९०.०० | २३३,६४४.०० | १९२,०४९.०० | ४१,५९५.०० | २३३,६४४.०० | ०.०० | २३३,६४४.०० | ३४०,९४६.०० |
| 28142घर भाडा | | | | | २,७००,०००.०० | २,७००,०००.०० | २,२५०,०००.०० | ४५०,०००.०० | २,७००,०००.०० | ०.०० | २,७००,०००.०० | ०.०० |
| 8.1.3.3कार्यालय तथा गोदाम प्रयोजनका लागि घरभाडा | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २,७००,०००.०० | २,७००,०००.०० | २,२५०,०००.०० | ४५०,०००.०० | २,७००,०००.०० | ०.०० | २,७००,०००.०० | ०.०० |
| **जम्मा** | | | | | ३५,७४८,१८२.०० | १५,९६१,७४४.४८ | १३,१२२,४५३.९८ | २,८३९,२९०.५० | १५,९६१,७४४.४८ | ०.०० | १५,९६१,७४४.४८ | १९,७८६,४३७.५२ |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार** | | ३५,७४८,१८२.०० | १५,९६१,७४४.४८ | १३,१२२,४५३.९८ | २,८३९,२९०.५० | १५,९६१,७४४.४८ | ०.०० | १५,९६१,७४४.४८ | १९,७८६,४३७.५२ |
| | 01-नगद | ३५,७४८,१८२.०० | १५,९६१,७४४.४८ | १३,१२२,४५३.९८ | २,८३९,२९०.५० | १५,९६१,७४४.४८ | ०.०० | १५,९६१,७४४.४८ | १९,७८६,४३७.५२ |
| **जम्मा** | | ३५,७४८,१८२.०० | १५,९६१,७४४.४८ | १३,१२२,४५३.९८ | २,८३९,२९०.५० | १५,९६१,७४४.४८ | ०.०० | १५,९६१,७४४.४८ | १९,७८६,४३७.५२ |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

पुँजिगततर्फ

प्रदेश सरकार,बागमती प्रदेश

म.ले.प. फाराम नं:२१०

प्रदेश नीति तथा योजना आयोग

कार्यालय कोड नं : ३९१००३२०१३

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** ३९१०००११४

**आर्थिक वर्ष:** २०८२/८३

**आयोजना/कार्यक्रम नाम:** प्रदेश नीति तथा योजना आयोग

**महिना:** असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 31121सवारी साधन | | | | | ९८०,०००.०० | ०.०० | ९७२,५००.०० | ०.०० | ९७२,५००.०० | ०.०० | ९७२,५००.०० | ७,५००.०० |
| 11.3.2.7दुई पाङ्ग्रे सवारी साधन (मोटर साईकल) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ७००,०००.०० | ०.०० | ६९३,६००.०० | ०.०० | ६९३,६००.०० | ०.०० | ६९३,६००.०० | ६,४००.०० |
| 11.3.2.8दुई पाङ्ग्रे सवारी साधन (स्कुटर) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २८०,०००.०० | ०.०० | २७८,९००.०० | ०.०० | २७८,९००.०० | ०.०० | २७८,९००.०० | १,१००.०० |
| 31122मेशिनरी तथा औजार | | | | | १,५७२,२००.०० | ०.०० | ०.०० | २५०,९९७.०० | २५०,९९७.०० | ०.०० | २५०,९९७.०० | १,३२१,२०३.०० |
| 11.3.22.1आयोगको कार्यालय प्रयोजनका लागि सि सि क्यामेरा जडान | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | १७३,९९७.०० | १७३,९९७.०० | ०.०० | १७३,९९७.०० | १७६,००३.०० |
| 11.3.22.4हलको लागि डिजिटल स्मार्ट बोर्ड/स्मार्ट टि.भि.(बैठक तथा तालिम सञ्चालन) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| 11.3.22.5मल्टि परपोज प्रिन्टर | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १०५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०५,०००.०० |
| 11.3.22.6एयर कन्डिसन खरिद | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ११६,२००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ११६,२००.०० |
| 11.3.7.2ल्यापट खरीद | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १६८,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १६८,०००.०० |
| 11.3.7.3डेष्कटप खरीद | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १६८,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १६८,०००.०० |
| 11.3.7.4कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | २१०,०००.०० | ०.०० | ०.०० | ७७,०००.०० | ७७,०००.०० | ०.०० | ७७,०००.०० | १३३,०००.०० |
| 11.3.7.6ट्याब खरिद | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | १०५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०५,०००.०० |
| 31123फर्निचर तथा फिक्चर्स | | | | | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| 11.6.13.1कार्यालयको लागि फर्निचर फिक्चर्स (अन्य पूँजीगत ) | 1100001-नेपाल सरकार | 01-नगद | 1100001-नेपाल सरकार | 01-नगद | ३५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० |
| **जम्मा** | | | | | २,९०२,२००.०० | ०.०० | ९७२,५००.०० | २५०,९९७.०० | १,२२३,४९७.०० | ०.०० | १,२२३,४९७.०० | १,६७८,७०३.०० |

## स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार** | २,९०२,२००.०० | ०.०० | ९७२,५००.०० | २५०,९९७.०० | १,२२३,४९७.०० | ०.०० | १,२२३,४९७.०० | १,६७८,७०३.०० |
| 01-नगद | २,९०२,२००.०० | ०.०० | ९७२,५००.०० | २५०,९९७.०० | १,२२३,४९७.०० | ०.०० | १,२२३,४९७.०० | १,६७८,७०३.०० |
| **जम्मा** | २,९०२,२००.०० | ०.०० | ९७२,५००.०० | २५०,९९७.०० | १,२२३,४९७.०० | ०.०० | १,२२३,४९७.०० | १,६७८,७०३.०० |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

**१२. आयोगको संम्पर्क**

आयोगको वेवसाइटः- www.pppc.bagamati.gov.np

आयोगको इमेलः- pradeshyojanahtd@gmail.com

आयोगको फोन नं.: ०५७-५२४८४५, ०५७-५२३६८९, ०५७-५२०५२४, ०५७-५२०५२३, ०५७-५२०५२५, ०५७-५२५१३१



Archived at https://infobank.bagamati.gov.np